
# Living the Lotus

*Buddhism in Everyday Life*

8
2024
VOL. 227




उत्तर अमेरिकाका लोटस सूत्र अध्ययन डा. डोमिनिक स्कारान्जेलो संग,
आजको लागि बौद्ध धर्मको संशोधित संस्करणको अनुवादक, संशोधित संस्करण,
लस एन्जलस धर्म केन्द्रमा




Living the Lotus
Vol. 227 (August 2024)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्टृय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: केन्सुके ओसादा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्टृय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ । रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ । रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

*President's Message*

# "आफ्नै गाउ" फर्किने हामीहरु

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## संस्थापकको परिनिर्वाण

सबैभन्दा पुरानो बुद्धशास्त्र भनेर चिनिने "सुनितपत्त" मा "खेत उब्जाउने भार्द्वाज" भन्ने एक शिर्षकको छन्दमा शाक्यमुनिले ब्राह्मणले भनेको श्लोक मैले मेरो पुस्तक "मनमा बोधिसत्व रोप्ने" मा प्रस्तुत गरेको थिए। र यो बर्षको यो स्तम्भमा पनि त्यो श्लोकबाट हाम्रो मन र लगनशिलताको बारेमा सोच्दै आएको हो र त्यो श्लोकको अन्त्यतिर "खेतिलाई यसरी गरेमा अमरत्व प्राप्त हुन्छ" भनेर लेखिएको छ। एही कुरा हेरी अघिल्लो महिना मैले हामी मानवको प्राणको बारेमा भनेको कुराको अन्तमा "अमरत्व" भनेको के हो त ? भनेर सबैलाई सोधेको थिए। तेसैले यो अन्कमा पहिले मरण भनेको के हो भनेर आफ्नो बिचार पोख्ने छु तर त्यो भन्दाअघी संस्थापकका अन्तिम क्षणहरुका बारेमा भन्ने छु।

४ अक्टोबर १९९९मा यस संस्थाका संस्थापक जो मेरा परम गुरु पनि थिए निक्क्यो निवनोको देहबसान भयो। आफ्ना दाजुभाइ र परिवारकोबिच र संस्थाका अरु महानुभावहरुबिच वहाँले आफ्नो सफर तय गर्नु भयो। अन्तिम घडिसम्म मैले आखा चिम्लेका संस्थापकको हात समातिरहेको थिए र वहाँले एक पटक आफ्नो आखा उघारेर मसँग बिदा मागेको जस्तो गरी फेरी आखा चिम्लनु भयो र एकै छिनमा वहाँको सास रोकिएको थियो।

## अमरत्व के हो त ?

"मेरो गाउ, जहाँ बाट म आए, मेरो गाउ, म फेरी तेही फर्किन्छु" (योशियो हिगाशि)। यो मलाई पहिलादेखी नै मन पर्ने एक कबिता हो। अघिन भने झै हाम्रो प्राण पूर्वकालदेखी भबिष्यसम्म अनन्त नदी झै बग्ने गर्दछ र "यो अमुल्य प्राण" आफ्नो "आफ्नै गाउ" मा फर्किन्छ भनेर सोच्न सकेमा मृत्यु देखिको डर अलि कम होला भन्ने लाग्छ।

साथमा मेरो कुरा गर्नु पर्दा शान्तसँग प्राणलाईआफ्नै मात्री भुमिमा अवतरण गराउनु भएको संस्थापकलाई देखेकोले "ए यसरी देहाबसान हुने रहेछ" भनेर शान्त मनले मृत्युलाई लिन सिकेको छु जस्तो

लाग्छ । मेरोनिम्ती आदर्श पनि भन्न मिले संस्थापकको त्यो अन्तिम घडी देख्दा मृत्युको डरलाई पार गरेको भन्ने अर्थमा “अमरत्वको फल” मलाई प्रदान चाख्न पाएको छु जस्तो लागेको छ ।

“अमरत्व” भनेको नमर्ने भन्ने कुरा भने होईन । सधै बाच्न पाऔ भन्ने कुरा कहिले पनि पुरा नहुने इक्षाबाट मुक्त भएर राहत महसुसु गर्नु नै “अमरत्व” र “अमरत्वको फल प्राप्ती” हुन भन्ने मलाई लाग्छ ।

र हामीहरु त बुद्धधर्म सिकेर साचिनै “अमरत्वको फल” प्राप्त गर्न सक्छौ । र तेस्तो एक कुरा हो यि अनगिन्ती उपदेशलाई मनमा कुदेर मृत्युलाई पार गर्ने कुरा हो । मृत्यु पनि अबिरल रुप बदल्ने प्रकृतिको एक कृया हो भनेर बुझ्न पर्छ । साथमा पुण्डरिक सुत्रमा भनिएको “अनन्त बुद्ध” को उपदेशमा भनिए जस्तै कुरा सोच्न सकेमा हाम्रो बुद्धत्वले गर्दा बुद्धको जस्तै “अमुल्य प्राण” भएर सदाको लागि जिबित हुन सक्नेछु भन्ने कुराको बोध प्राप्ती हुन्छ । अझ धर्मासुत्रमा भने झै “कडा परिश्रम गर्नु नै अमरत्व हो” भन्ने उपदेश पनि छ । हाम्रो दैनिकिमा गरिने सासाना कुरालाई निरन्तर जारी गरी गरी भक्ती गरेमा नाकामुरा गेनले भने झै “अनेक कर्मको कारणले एसको असर अनन्तसम्म हुन्छ र अमरत्व प्राप्त” हुनेछ ।

बोधिसत्व जस्ता हामीले गर्ने दैनिकिको कार्य समय र स्थानभन्दा अघिसम्म प्रभाव पार्ने गर्दछ । र एस्ता जिवनमा गरिने बाच्ने तरिका र प्रबृत्तिनै अरुको मुटुमा सधै बस्ने हुनाले त्यो पनि एक “अमरत्व” हो जस्तो लाग्छ ।

सबैको कृपाले म शाक्यमुनी भदा ६ बर्ष बढी बाची सके र मैले संस्थापको परिनिर्वाणमा “अमरत्वको फल” चाख्न पाएको ले मलाई म जहिले “आफ्नै गाउ”फर्किन सक्छु भने सोच्दा निकै आनन्द आउने गर्दछ ।

From *Kosei*, August 2024



# Interview

## पछाडिबाट नेतृत्व गर्न सक्ने ब्यक्ति

### रिश्शो कोसेइ काइ ताईवान लो कोन इन

**के कस्ता कारणले गर्द तपाईं आस्था गर्न थाल्नु भयो ?**

मेरो आस्थाको सुरुवात भन्ने हो भने मेरी सासु र मेरी श्रीमती (फु रे सिन्, ताइनान मन्दिर प्रमुख) हरु रिश्शो कोसेइ काइको आस्था राख्ने हुन र म चाही पहिला सासुलाई गाडिमा मन्दिर लाने ल्याउने गर्थे तर खासै आस्था थिएन। तर पछी सासु र श्रीमतीले शरद ऋतु ध्यान या अरु मन्दिरका कार्यक्रममा भक्ती गरी आस्थालाई गहिरो पारेको देख्दा बिस्तारै आकर्शित हुँदै रिश्शो कोसेइ काइ म नाता गासिदै गएको हो।

**कुनै तेस्तो खास कारण थियो कि ?**

म पहिलदेखी अलिकती बुद्ध धर्ममा बिश्वास र ताईवानमा धैरै मानिने आमिदा सुत्र पाठ गर्ने गर्थे। तर २००५ को सेप्टेम्बरमा श्रीमतीसँग टोक्योको दाइसिएदोको गोहोन्जोन दर्शन गरी पुण्डरिक सुत्र पाठ सुरु गर्न थले। र बिहान बेलुका सुत्र पाठ मात्र होईन कि अझ धेरै पुण्डरिक सुत्र सिक्न मन लाग्न थल्यो। तेसैल गर्दा मैले पुण्डरिक सुत्रको गहिराइमा आभारी हुन थाले र धैरै सिक्दै गर्दा मेरी प्रबृती र नैतिकता अझ उच्च भएकोमा धन्य छु। र साचो आफुलाई चिन्ने र आफ्नो मनलाई बिश्राम दिने ठाउँ पाउन सके। यो अर्थमा पनि गोहोनजोन दर्शन मेरी जिन्दगी सबैभन्दा महत्वपुर्ण मोड बन्यो।

**तपाईंको मनको साहरा बनेको पुण्डरिक सुत्रका कुनै उपदेश छन ?**

पुण्डरिक सुत्रमा भएको पृथ्वीका चार नेताका रुपका चार माहान बोधिसत्व कार्य आरोहण, असिम अभ्यास, सुद्ध अभ्यास र सुलभ अभ्यास भनेर सुत्रमा यि चार कार्यका बारेमा उपदेश छन र यो नै मेरो दैनिकिमा मनको साहरा भएको छ। किन भने यो चार माहान बोधिसत्वले भबिष्यको संसारमा पुण्डरिक सुत्र फैलाएर सर्बप्राणिको मुक्ती र सान्सारिक चाहनाबाट टाढा हुन्छु भनेर बुद्धको उपदेश सबै सिकेर बुद्ध पथमा हिडी अनगिन्ती बोध प्राप्त गर्छु भनेर प्रण गर्ने बोधोसत्व बनु र यि चार प्रण नै कोसेइ काइको होजाको ध्यानको निती पनि हुन। हामीहरुले कहिले पनि करुणा र धैर्यतालाई नबिर्सी सर्बप्राणिलाई "अनुय्क्तर सम्यक सम्बोधी जगाउँ" भन्ने कुरा महत्वपुर्ण छ भनेर बुझेको छु। अनी जेन गुरु दोगेनले भने झै "आफुभन्दा अघी सधै अरुलाई जान दिनु" भनेको अफु भन्दा अरुको सुखको कामना गरी सान्सारीक मोहबाट टाढा भएर सुद्ध मनले ध्यान गरेर आफ्नो मनमा बोधिसत्वको बिउ रोप्छु भन्ने छ। एस्तो अनन्त दयालु मनले ध्यान गरेमा बुद्धको जस्तै बुद्धत्व प्राप्त गर्न सकिन्छ भन्ने बिश्वास छ। साथमा "बोधिसत्व कर्म गरी अरुलाई मुक्ति" मतलब आफुले बुद्धत्व प्राप्त गर्छु भन्ने कामना गरी आफ्ना नजिकका मुक्तिको लागि सर्बशक्ती खर्च गर्ने मन बनाउने छु। यि सबै कुरा कोसेइ काइको होजा ध्यानमा रुपान्तरण गर्छु भन्ने छ।



श्रीमती हु लिङ शिङसँग (ताइनन मन्दिर प्रमुख) गोहोन्जोन दर्शन समारोहमा

### तपाईले गहिरोरुपमा पुण्डरिक सुत्र अध्ययन गर्नु भएको रहेछ हगी

२०१८ जुनमा प्रशिक्षकको योग्यता प्राप्त गरेपछी अझ बढी पुण्डरिक सुत्र बुझ्न मन लाग्यो। अध्यक्षले उपदेश या पुण्डरिक सुत्रको अर्थ गहनरुपमा सिकाउनु भयो र उपदेशलाई आफ्नो अनुभव या उधाहरणबाट सजिलो गरी सिकाउनु भएकोमा म आभारी छु। र दैनिकिमा सिकेको उपदेशलाई अभ्यास गर्नाले बुझाइ गहिरो भयो र सिकाइ र गराइ दुबै जारी गर्नु महत्वपुर्ण हुदो रहेछ भनेर बुझे।

कोसेइ काइको उपदेश भनेको खाली अरुलाई दुखबाट मुक्ती दिलाउने होईन कि दुख भनेको बुद्धिको मुहान हो भन्ने कुरा पनि सिके। अनि अरुलाई केहि सिकाउदा आफ्नो बिचार र मान्यतालाई थोपर्ने होईन कि भेट्ने मान्छेबाट सिक्ने र अरुबाट आफ्नो मनलाई बिकास गराउनु महत्वपुर्ण हुन्छ भन्ने कुरा पनि सिके।




२०१८मा प्रशिक्षक योग्यता प्रमाणपत्र बितरणमा लोजि

### मार्गदर्शन मतलब तेदोरी र मिचिबिकिका केहि अनुभव सुनाउस न

मैले अहिलेसम्म १५जना लाई मिचिबिकी गरेको छु। तेसमा एकजना थिए जो पहिला देखी बुद्ध धर्ममा आस्था राख्थे तर धर्मको भावनालाई तेती बुझेका थिएन। तेसैले मैले कोसेइ काइको उपदेश र बुद्धधर्म भनेको सुत्र पाठ गर्ने मात्र होईन कि हाम्री जिवनिमा तेसलाई अभ्यास गर्ने कुरा हो भने र उनि यहाँको सदस्य भएपछी धेरै परिरबर्तन भएको देखे। जस्तोकी पहिला आफ्नो कुरा मात्र गर्ने वहाँ अहिले जती सुकै काममा फुर्सत नभए पनि समय मिलाएर अरुकनिम्ती केहि गर्ने अभ्यास गरेका छन र आफ्नो मनमा बोधिसत्वको खेती गर्ने कोसिश गरेका छन।

तर एक दिन उनिले एक महत्वपुर्ण बाचालाई निभाउन सकेनन र मैले त्यो कुरा उनिलाई भन्दा उनको मनमा चोट परेछ। उनिसँगका कार्यले मैले सब्बेधम्मा अनन्त र सर्ब सम्स्करा अनित्य जस्ता सत्यलाई बुझेर मानिससँग कमलो मनले प्रस्तुत हुन पर्छ भन्ने महत्वपुर्ण पाठ सिके।



ताइनान मन्दिरमा पुजामा ढोलक बजाउदै लोजि

### रिश्शो कोसेइ काइको आकर्शण के हो ?

रिश्शो किसेइ काइमा सधै होजा नै जिवन हो भनिन्छ र मलाई होजा नै आकर्शण हो जतो लाग्छ। होजामा आफ्ना सम्स्याहरु बाहिर लिएर आउन सकिन्छ र होजाका नायकले उपदेशमा आधारित समस्याको हल सिकाउने गर्दछन। साथमा होजामा आउने सबैले एकआर्काका समस्याअलाई गम्भिर भएर सुनी समानुभुती गरी मिलेर सुख र दुख बाढ्ने कुरा महत्वपुर्ण हुन्छ भन्ने बुझेका छन।

साथै हामीहरु प्राय आफ्ना नजिकका मान्छेप्रती आभारी छु भनेर भन्न सक्दैनौ तर कोसेइ काइमा आफ्ना नजिकका परिवारप्रती आभारी हुनु सबैभन्द महत्वपुर्ण हो भनेर सिकाइन्छ। परिवारका सदस्यले एकअर्कालाई आदर गरी आभारी भएमा परिवारको सन्तुलन हुन्छ र शान्तिपुर्ण परिवारको निर्माण हुन्छ जस्तो लाग्छ।

### अन्तमा अहिलेको आशा र भबिष्यको लक्ष सुनाइदिनुस न

अहिले मैले सबैभन्दा कामना गरेको भनेको मेरी श्रीमती जो मन्दिर प्रमुख छिन उनलाई म पछीबाट सहयोग गर्ने कुरा हो।

अहिले म हरेक बिहान ५ बजे उठेर बुद्धसँग संबाद गर्न पुजा गर्छु। एस्तो संबादले आफुले आफुलाई हेरी बुद्धको आवाज र कामनालाई सुनी बुझिने कुराले पाइने पुण्यले पित्री पुजन र संसारमा भएक बिपत्तिमा मारिएका आत्माको चिर शान्ति र बिपतमा परेको यो संसारमा अलिकती भए पनि शान्ती छाओस भनेर कामना गर्दछु। एकलाई ले १०० प्रतिसत गर्न नकसेपनी १०० जनले १ प्रतिसत मात्र शक्ती लगाएमा ठुलो शक्ती बनी पुण्डरिक सुत्रमा भनिने "हरेक क्षेत्र बुद्ध क्षेत्र" भन्ने कुरा यथार्तमा परिणत हुन सक्छ भन्ने लाग्छ।

एस्कोनिम्ती पनि ताइनन मन्दिरका सदस्यहरुले यो सुन्दर पुण्डरिक सुत्र सिकेर आफ्ना परिवार, अफिस र समाजमा उपदेशलाई अभ्यास गरी हिलोमा फुल्ने कमल झै हरेकको मनमा सुन्दर फुल फुलाएर जिबित जिवन बिताउन सकुन भन्ने कामना गर्दछु। म पनि हरेक दिन भक्ती र ध्यान जारी गरी मेर कार्य देखी मानिसले "तिमी ले के आस्था गर्छौ ?" भनेर सोध्दा "रिश्शो कोसेइ काइ को आस्थ राख्छु" भनेर जवाफ दिन सक्ने गरी मेहेनत गर्दै जानेछु। आदर्श धेरै भयो भन्नु होला तर पछीबाट अरुलाई नेतृत्व गर्न सक्ने मानिस बन्नु सकौ भन्ने मेरो अहिले को लक्ष्य हो।




२०२३ जुलाई १मा छोरीको बिहेको बेलामा परिवारसँग

# तोबान (आफ्नो पालो) प्रशिक्षणबाट आफुलाई चम्काउने

दाइसेइदो हल या अरु मन्दिरमा स्व्यमसेबा गर्ने, सरसफाइ गर्न मद्दत गर्ने र दर्शन गर्न आउनेलाई हात जोडी स्वागत गर्ने कुरालाई “तोबान” भनिन्छ। अरु कसैले अराएर गर्ने होईन कि आफुलाई अझ चम्काउछु भनेर अघी सरेर गर्ने अभ्यास हो यो। हात जोडी स्वागत गरी अरुलाई पुज्ने। सरसफाइ भनेको आफ्नो मनको फोहोर पनि सफा गर्ने कुरा हो। जस्तो सुकै अभ्यास पनि “गरी दिन्छु होईन कि “गर्न दिनुस” भन्ने भावना राख्नु महत्वपुर्ण हुन्छ।







### थाहा छ ?

रिश्शो कोसेइ काइमा “गर्न दिनुहोस" भन्ने गरिन्छ। यो कुरा आफु एक पाइला पछी परेर गरिने कुरा हो र “बुद्ध या अरुलाई सम्मान गर्छु र घमन्ड नगरि बिनम्र हुन्छु” भन्ने भावना सहित गरिन्छ।

*यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

# पृथ्वीलाई माया गर्ने जिवनि







"पृथ्वीको तापक्रम बृधिकरण" भन्ने कुरा त सुनेकै होला। मानिसले प्रकृतिको पर्यावरणलाई ध्यान नदिकन आरमदायी जिवन बिताएकोले तापक्रम बढ्दै गएको हो। हामीले पृथ्वीको कृपा पाएकोले पर्यावरणलाई जोगाउन जरुरी छ।

बुद्धले जिवित प्राणिलाई तेतिकै नमार्नु अनि चिजबिज जतन गर्नु भनेर सिकाएका छन। पेन्सिल या कपी तेत्तिकै फालेमा पनि श्रोतको दुरुपयोग हुन्छ।

हामी सबै मिलेर यो समस्याको हल सोचौ है।

### थाहा छ ?

एरकिन्डसन एक डिग्री बढाउने अनि हिटरलाई एक डिग्री घटाउने, टिभी हेर्ने समय घटाउने। आफ्नै झोला बोकेर किनमेल गर्न जाने। प्रयोग नभएमा स्विच बन्द गर्ने। पानी खेर नफाल्ने। पृथ्वीको तापक्रम अझ बढ्न नदिन आज देखी नै एस्तो गरौ है।

# बुद्धसँगको गहिरो नाता

## पुण्डरिक सुत्रले भन्छ कि हाम्रो बुद्धसँग संबन्ध छ भनेर

Rev. Nikkyo Niwano
Founder of Rissho Kosei-kai



यो पाली यो सुत्र सुरु गर्नेकालागी हाम्रो बुद्धसँगको "संबन्ध" को बारेमा भन्नेछु।

आजभन्दा १४०० बर्षअघी चिनमा एक गुरु तेन्दाइ थिए जसले राम्रोसँग पुण्डरिक सुत्र अरुलाई बताउन सक्थे र उनलाई "साना शाक्यमुनि" भनेर पनि भनिन्थ्यो।

एकचोटी हाइनान प्रांन्तका न्यान्यु ह्युसी नामका ठुला भिक्षुले यो कुरा सुनेर अब म यि तेन्दाइ गुरुसँग सुत्र सिक्छु भनेर लडाइबिच पनि गुरु बस्ने कुटी पुग्छन र भन्छन:

"परापूर्व कालमा गृधकुटमा मैले तपाईसँग संगै पुण्डरिक सुत्र सुनेको थिए। तेही कर्मले गर्दा म अहिले यहाँ तपाईं सामु आएको छु"।

गृधकुट भनेको शाक्यमुनिले पुण्डरिक सुत्र उपदेश दिएका एक पाहाड हो र "कर्म" भनेको पहिला आफुले गरेको कुराको संबन्ध हो।

र तेन्दाइ धर्मका प्रमुख (१९९० को अनुसार) रेव यामादा र चिन बुद्धधर्म परिषदका अध्यक्ष झाओ भनेका मैले सबैभन्दा आदर गर्ने बुद्धधर्मका दुइ ज्ञाता हुन र १९८८को गृष्मम ऋतुमा वहाँहरु दुइसँग तीनदिन बिहानदेखी बेलुकासम्म पुण्डरिकसुत्रको बारेमा छलफल गर्ने मौका मिलेको थियो। त्यो बेलामा झाओ गुरुले खुशी हुँदै भन्नु भएको थियो कि:

"यसरी तीनजना मिलेर पुण्डरिक सुत्रको कुरा गर्द अति रमाइलो। हामीमरु पनि शाक्यमुनिले गृधकुटमा यो सुत्रकोबारेमा उपदेश दिदा पक्कै संगै सुनेको हुन पर्छ"।

म एकछिन त छक्क परे तर राम्ररी सोच्दा यो संसारमा मनभित्रबाट एकै कुरामा आस्था राख्न सक्ने भनेको आफ्नो पूर्वजन्मको कर्मले जोडिएको हो भनेर बुझ्न सके।

हामी शरणमा पर्ने पुण्डरिक सुत्रलाई "ब्याकरण सुत्र" भनेर पनि भनिन्छ। र "ब्याकरण भनेको शाक्यमुनिले आफ्ना चेलहरुलाई "तिमीहरु सबै भबिष्यमा पक्कै बुद्ध बन्ने छौ" भनेर ग्यारेन्टी दिएको कुरा हो। पुण्डरी सुत्रमा आफ्ना धेरै चेलाहरुले बुद्धत्व प्राप्त गर्ने छन भनेर धेरै चोटी भनिएको पनि छ।

साथमा यो सुत्रलाई "तपस्वी सुत्र" पनि भन्ने गरिन्छ। "तपस्वी भनेको कैयन जुनी प्राप्त गरे पनि तपस्या जारी राखेर अन्तमा बुद्ध बन्ने कुरा हो।

मैले यि दुइ कुरालाई थपेर पुण्डरिक सुत्र भनेको "बुद्धसँग संबन्ध छ भनेर बुझाउने सुत्र" भन्ने गरेको छु। सुरुदेखी अन्तिमसम्म बुद्धसँग हाम्रो गहिरो संबन्ध छ भनेर उपदेश दिइएको हुनाले एसो भनेको हु।

(भुलबस जुन र जुलाईमा हुन पर्ने स्तम्भ फरक भएकोमा माफी चाहन्छौ। नेपाली अनुबाद सम्पादक)

निक्क्यो निवानो हेसेई धर्म संग्रह १ "बोधि अंकुरण" पृष्ठ ५३-५५



# बिशेष दिन

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

जापानमा धेरै गर्मिको दिन जारी छ तर तपाईंहरुलाई सन्चै छ होला भन्ने लागेको छ ।

यो महिनाको अध्यक्षको प्रवचनमा संस्थापकको अन्तिम घडीको कुरा बिस्तृत रुपमा भन्नुभयो ।

१९९९ को अक्टोबर को देहाबसानको त्यो क्षण २५ बर्ष बित्दा पनि झलझली आखामा आउछ । १० बजेर ३४ मिनटमा वहाँको देहाबसान भएको कुरा तुरुन्तै संस्थाभरी फैलिएको थियो । म त्यो बेलामा फुमोनकानको WCRP अफिसमा जापानको सन्चालकसमितिको काम गर्ने गर्थे । मैले त्यो समाचार सुनेपछी अलिकती गहिरो सास फेरेर मनलाई शान्त बनाएपछी बिदेशमा रहेका संबन्धित मान्छेहरुलाई यो समाचार पठाउनमा ब्यस्त भएको थिए । त्यो दिनको बेलुका क्योतोबाट आएका तेन्दाइ धर्मगुरुलाई मैले संस्थापकको घरसम्म लग्ने जिम्बेवारी पाए । वहाँहरुलाई लिन भनेर ट्याक्सीबाट टोक्यो रेल स्टेसन गए र संस्थापकको घर पुग्दा ६ बज्यो र अध्यारो भैसकेको थियो ।

शोक मनाउनेहरुले वहाँको घर भरिएको थियो र अरुले सर्बसरिर देखुन भनेर शिशाको ढक्कन भएको कफिन प्रयोग गरिएको थियो । जिबित हुँदा मन पर्ने कोट लगएका संस्थापक हात जोडेर अरुलाई अभिबदान गरेको झै शनातापुर्ण अवस्थामा भएको कुरा अहिले पनि राम्रोसँग समझना छ ।


हाम्रा अध्यक्षले "आफ्नो जिवनशैली र प्रबृत्ति" नै "अमरत्वको एक रुप हो" भनेर सिकाउनु भएको छ । मैले जस्तै संस्थापकसँग "संबन्ध" राख्न मौका पाएकाहरु प्रतेकले शान्तपुर्ण मन गरेर नमन गरी हरेक दिन बिताउन सकुन भनेर कामना गर्दछु ।



२०२४ अप्रिल ६मा गाकुरिन बिद्यालयको भर्ना हुने बिदेशी विद्यार्थीसँग (होरिन्कान हलमा)




## A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: [living.the.lotus.rk-international@kosei-kai.or.jp](mailto:living.the.lotus.rk-international@kosei-kai.or.jp)